महाभारत गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड: ४ सङ्ख्या: ४ मिति: २०७७।११।१४

## भाग –२

महाभारत गाउँपालिका

## **महाभारत गाउँपालिका शिक्षा ऐन, २०७७ को दफा ३३ बमोजिम बनेको एकिकृत छात्रवृत्ति कार्यान्वयन कार्यविधि, २०७७**

**प्रस्तावनाः**

मौलिक हकको रुपमा रहेको सबैका लागि शिक्षा सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्न तथा अन्तर्राष्ट्रिय तहमा गरेको प्रतिबद्धता पूरा गर्न विद्यालय बाहिर रहेका बालबालिकाहरूको विद्यालयमा पहुँच बढाउन तथा भर्ना भएका सबै बालबालिकालाई विद्यालयमा टिकाइ राख्न र गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि विद्यालय जाने

उमेरका लक्षित समूहका बालबालिकाहरूलाई छात्रवृत्ति उपलब्ध गराउने व्यवस्था गरिदै आएको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ को ज(१६) मा उल्लेखित निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन र महाभारत गाउँपालिकाको विनियोजन ऐन २०७७ मा उल्लेख भए अनुसार महाभारत गाउँपालिकामा रहेको सामुदायिक विद्यालयबाट माध्यमिक तह (कक्षा १०) को परीक्षा एस. इ. इ. पास गरी कक्षा ११ वा प्राविधिक तर्फ डिप्लोमा अध्ययन गर्ने विद्यार्थीहरूलाई प्रदान गरिने सबै प्रकारका छात्रवृत्ति एकिकृत रुपमा लक्षित वर्गसम्म व्यवस्थित, पारदर्शी र प्रभावकारी ढङ्गबाट पुऱ्याउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकाले महाभारत गाउँपालिकाको गाउँ कार्यपालिकाले यो **एकिकृत छात्रवृत्ति कार्यान्वयन कार्यविधि, २०७७** बनाएको छ।

१. **<u>सङ्क्षिप्त नाम र प्रारम्भः</u>**

क) यो कार्यविधिको नाम "**एकिकृत छात्रवृत्ति कार्यान्वयन कार्यविधि, २०७७**" रहेको छ।

ख) यो कार्यविधि राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा–

क) “गाउँपालिका” भन्नाले काभ्रे जिल्लाको “महाभारत गाउँपालिका” सम्झनु पर्छ ।

ख) "छात्रवृत्ति" भन्नाले गाउँपालिकाबाट कक्षा ११ वा प्राविधिक तर्फ डिप्लोमा अध्ययनका लागि उपलब्ध गराइएको आर्थिक अनुदान, छुट, सहुलियत, वा सुविधा सम्झनु पर्छ।

ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

घ) "शिक्षा प्रमुख" वा "शिक्षा शाखा प्रमुख" भन्नाले महाभारत गाउँपालिकाको शिक्षा शाखाको प्रमुखलाई सम्झनु पर्छ ।

ङ) "शिक्षा शाखा" भन्नाले महाभारत गाउँपालिकाको शिक्षा शाखा सम्झनु पर्छ ।

३. **<u>छात्रवृत्ति छनौट समितिः</u>** गाउँपालिकाभित्र सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूलाई प्रोत्साहन छात्रवृत्ति वितरणका लागि देहाय बमोजिमको छात्रवृत्ति छनौट समिति रहनेछ–

महाभारत गाउँपालिका राजपत्र

क) गाउँपालिका उपाध्यक्ष - संयोजक

ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

ग) सामाजिक विकास समितिको संयोजक - सदस्य

घ) आर्थिक प्रशासन शाखा प्रतिनिधि - सदस्य

ङ) शिक्षा शाखा प्रमुख - सदस्य सचिव

४. **प्राविधिक डिप्लोमा अध्ययन छात्रवृतिः** यो छात्रवृत्ति वितरणको आधार र रकम देहाय बमोजिम हुनेछ–

१) चालु शैक्षिक वर्षमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट सञ्चालित डिप्लोमा तहमा गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयबाट एसईई (कक्षा १० को अन्तिम परीक्षा) पास गरी अध्ययनरत दुईजना छात्र र दुईजना छात्रा गरी जम्मा चारजनालाई यो छात्रवृत्ति प्रदान गरिनेछ।

२) यस छात्रवृत्तिको लागि आवेदकले देहाय बमोजिम कागजातहरू पेस गर्नु पर्नेछ–

क) माध्यमिक तह (कक्षा १०) को अन्तिम परीक्षाको लब्धाङ्क पत्र (एसईई ग्रेडसिट) र चारित्रिक प्रमाणपत्र,

ख) नेपाली नागरिकता प्रमाणपत्र प्रतिलिपि,

ग) माध्यमिक तह (कक्षा १०) को अन्तिम परीक्षा उत्तीर्ण गरेको विद्यालयको सिफारिस पत्र,

घ) सम्बन्धित तहमा भर्ना भएको प्रमाण खुल्ने कागजात र सम्बन्धित शैक्षिक संस्थाको सिफारिस,

ङ) सम्बन्धित वडा कार्यालयबाट प्रमाणित गरिएको आवेदकको पारिवारिक अवस्था खुल्ने विवरण।

३) छात्रवृत्तिका लागि छनौट भएका विद्यार्थीलाई एकमुष्ट रु ५०,००० का दरले दुई पटक (वार्षिक रुपमा) कार्यक्रम अवधिमा जम्मा १००,०००|०० (एक लाख मात्र) प्रदान गरिनेछ। दोस्रो पटक यो छात्रवृत्ति पाउन अघिल्लो वर्ष/सेमेष्टरको परीक्षामा उत्तीर्ण भएको हुनु पर्नेछ।

महाभारत गाउँपालिका राजपत्र

४) छात्रवृत्तिका लागि छनौट भएका विद्यार्थीले अनुसूची १ बमोजिमको कबुलियतनामा पेस गर्नु पर्नेछ।

५. **<u>विज्ञान विषय अध्ययन छात्रवृति</u>**: यो छात्रवृत्ति वितरणको आधार र रकम देहाय बमोजिम हुनेछ–

१) चालु शैक्षिक वर्षमा कक्षा ११मा गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयबाट एसईई (कक्षा १० को अन्तिम परीक्षा) पास गरी विज्ञान विषय अध्ययनरत दुईजना छात्र र दुईजना छात्रा गरी जम्मा चारजनालाई यो छात्रवृत्ति प्रदान गरिनेछ।

२) यस छात्रवृत्तिको लागि आवेदकले देहाय बमोजिमको कागजातहरू पेस गर्नु पर्नेछ–

क) माध्यमिक तह (कक्षा १०) को अन्तिम परीक्षाको लब्धांक पत्र (एसईई ग्रेडसिट) र चारित्रिक प्रमाणपत्र,

ख) नेपाली नागरिकता प्रमाणपत्र प्रतिलिपि,

ग) माध्यमिक तह (कक्षा १०) को अन्तिम परीक्षा उत्तीर्ण गरेको विद्यालयको सिफारिस पत्र,

घ) सम्बन्धित तहमा भर्ना भएको प्रमाण खुल्ने कागजात र सम्बन्धित शैक्षिक संस्थाको सिफारिस,

ङ) सम्बन्धित वडा कार्यालयबाट प्रमाणित गरिएको आवेदकको पारिवारिक अवस्था खुल्ने विवरण।

५) छात्रवृत्तिका लागि छनौट भएका विद्यार्थीलाई एकमुष्ट रु ३०,००० एक पटक (वार्षिक रुपमा) कार्यक्रम अवधिमा जम्मा ३०,०००|०० (तीस हजार मात्र) प्रदान गरिनेछ।

६) छात्रवृत्तिका लागि छनौट भएका विद्यार्थीले अनुसूची १ बमोजिमको कबुलियतनामा पेस गर्नु पर्नेछ।

६. **<u>सामाजिक विज्ञान वा अन्य विषय अध्ययन छात्रवृतिः</u>** यो छात्रवृत्ति वितरणको आधार र रकम देहाय बमोजिम हुनेछ–

१) चालु शैक्षिक वर्षमा कक्षा ११मा गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयबाट एसईई (कक्षा १० को अन्तिम परीक्षा) पास गरी सामाजिक विज्ञान वा अन्य विषय अध्ययनरत

दुईजना छात्र र दुईजना छात्रा गरी जम्मा चारजनालाई यो छात्रवृत्ति प्रदान गरिनेछ।

२) यस छात्रवृत्तिको लागि आवेदकले देहाय बमोजिमको कागजातहरू पेस गर्नु पर्नेछ–

क) माध्यमिक तह (कक्षा १०) को अन्तिम परीक्षाको लब्धांक पत्र (एसईई ग्रेडसिट) र चारित्रिक प्रमाणपत्र,

ख) नेपाली नागरिकता प्रमाणपत्र प्रतिलिपि,

ग) माध्यमिक तह (कक्षा १०) को अन्तिम परीक्षा उत्तीर्ण गरेको विद्यालयको सिफारिस पत्र,

घ) सम्बन्धित तहमा भर्ना भएको प्रमाण खुल्ने कागजात र सम्बन्धित शैक्षिक संस्थाको सिफारिस,

ङ) सम्बन्धित वडा कार्यालयबाट प्रमाणित गरिएको आवेदकको पारिवारिक अवस्था खुल्ने विवरण।

३) छात्रवृत्तिका लागि छनौट भएका विद्यार्थीलाई एकमुष्ट रु १५,००० एक पटक (वार्षिक रुपमा)

महाभारत गाउँपालिका राजपत्र

कार्यक्रम अवधिमा जम्मा १५,०००|०० (पन्ध्र हजार मात्र) प्रदान गरिनेछ।

४) छात्रवृत्तिका लागि छनौट भएका विद्यार्थीले अनुसूची १ बमोजिमको कबुलियतनामा पेस गर्नु पर्नेछ।

**७. <u>छात्रवृत्ति छनौट प्रक्रियाः</u>**

१) शिक्षा शाखाले इच्छुक व्यक्तिहरूबाट आवेदन पेस गर्न कम्तीमा १५ दिनको म्याद दिई गाउँपालिका भित्रका सामुदायिक विद्यालय, वडा कार्यालय तथा गाउँपालिकाको वेबसाइटमा सूचना प्रकाशित गरी लाभग्राहीलाई जानकारी गर्नेछ।र उक्त सूचनामा आवश्यक सम्पूर्ण विवरण खुलाउनु पर्नेछ।

२) शिक्षा शाखाले प्राप्त हुन आएका आवेदन तथा सो साथ संलग्न कागजातहरूको छानबिन गरी छात्रवृत्तिको प्रकार बमोजिम प्राप्ताङ्क र तोकिएको आधारमा बेग्लाबेग्लै योग्यताक्रम अनुसार सूची तयार गर्नेछ।

**८. <u>छात्रवृत्तिका लागि आवेदन दिनु पर्नेः</u>**

१) छात्रवृत्ति प्राप्त गर्न चाहने विद्यार्थीले सूचनामा तोकिएको म्यादभित्र सोही सूचनामा तोकिएको ढाँचा र स्थानमा आवेदन दिनु पर्नेछ।

२) शिक्षा शाखाले प्राप्त हुन आएका आवेदन तथा सो साथ संलग्न कागजातहरूको छानबिन गरी छात्रवृत्तिको प्रकार निर्धारण गरी तोकिएको आधारमा बेग्लाबेग्लै योग्यताक्रम अनुसार सूची तयार गर्नेछ।

३) आवेदन साथ अध्ययन गरिरहेको शिक्षण संस्थाको अनुसूची ३ बमोजिमको सिफारिस पत्र पेस गर्नु पर्नेछ।

९. **<u>छात्रवृत्ति प्रदान नगरिने वा रद्द गरिनेः</u>**

१) छात्रवृत्ति छनौट समितिले देहाय बमोजिमको अवस्थामा छात्रवृत्ति प्रदान नगर्ने वा यस कार्यविधि बमोजिम प्रदान गरिएको छात्रवृत्ति रद्द गर्न सक्नेछ–

क) झुट्टा विवरणहरू पेस गरेमा,

ख) अध्ययनको वार्षिक प्रगति विवरण समयमा नबुझाएमा,

ग) अध्ययन पूरा नगरेमा,

घ) तोकिएको भन्दा बढी रकम प्राप्त गरी फिर्ता नगरेमा,

ङ) फौजदारी कसुरमा दोषी प्रमाणित भएमा,

च) सम्बन्धित शिक्षण संस्थाबाट निष्कासित भएमा,

२) छनौट सूचीमा रहेका व्यक्तिको सम्बन्धमा कुनै उजुरी परी छानबिन गर्दा छात्रवृत्ति प्राप्त गर्न अयोग्य भएको वा नपाउने ठहर भएमा सोही छात्रवृत्ति समूहको बैकल्पिक व्यक्तिले योग्यताक्रम अनुसार छात्रवृत्ति पाउन सक्नेछ।

**१०. <u>छात्रवृत्तिको रकम निकासा र भुक्तानी प्रक्रियाः</u>**

१) छात्रवृत्ति प्राप्त गर्न छनौट भएका विद्यार्थीहरूले आफू अध्ययरत रहेको विद्यालय वा शैक्षिक संस्थाको सिफारिस सहित सनराइज बैंक लिमिटेडमा खाता खोली सोको जानकारी गाउँपालिकामा दिनु पर्नेछ।

२) गाउँपालिकाले छनौट भएका विद्यार्थीबाट अनुसूची १ बमोजिमको कबुलियतनामा लिई तोकिएको छात्रवृत्ति रकम बैंक खाता मार्फत निकासा दिनेछ।

३) गाउँपालिकाले आर्थिक वर्षको अन्तिम चौमासिक भित्र छात्रवृत्ति रकम एकमुष्ट रुपमा निकासा गरिसक्नु पर्नेछ।

४) शिक्षा शाखाले छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको सूची सहित सम्बन्धित शिक्षण संस्थालाई जानकारी गराउनु पर्नेछ।

**११. <u>जानकारी गराउनु पर्नेः</u>**

१) यस कार्यविधि बमोजिम छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीले छात्रवृत्ति प्राप्त गरेको विषयको अध्ययन पूरा नगरी बिचैमा छाडेमा त्यसरी छाडेको एक महिनाभित्र सम्बन्धित शिक्षण संस्थाले शिक्षा शाखामा जानकारी गराउनु पर्नेछ।

२) यस कार्यविधि बमोजिम छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीले छात्रवृत्ति प्राप्त गरेको विषयको अध्ययन पूरा गरी प्रमाणपत्र प्राप्त गरेको लिखित जानकारी सहित प्रमाणपत्रको प्रतिलिपि शिक्षा शाखामा पेस गर्नु पर्नेछ।

१२. **अनुगमनः** गाउँपालिकाले छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीले छात्रवृत्ति प्राप्त गरे पश्चात शैक्षिक उपलब्धिमा आएको

परिवर्तन सम्बन्धमा र अन्य सम्बन्धित विषयमा अनुगमन गर्न सक्नेछ।

**१३. छात्रवृत्तिको रकम दुरुपयोग गर्न नहुनेः**

१) विद्यार्थीको छात्रवृत्ति अनुदान वापतको रकम अन्य कुनै प्रयोजनको लागि खर्च गर्न पाइने छैन। छात्रवृत्तिको रकम अन्य जुनसुकै प्रयोजनको लागि खर्च गरेमा रकमको दुरुपयोग गरेको मानिनेछ।

२) छात्रवृत्तिका लागि विद्यार्थी छनौटका क्रममा उच्चतम प्राप्ताङ्क, CGPA, GPA समान भएमा स्तरीय भिन्नता कम भएको विद्यार्थी छनौट गरिने छ, स्तरीय भिन्नता पनि समान भएमा एक तह तल्लो योग्यतालाई आधार मानिनेछ।

३) छात्रवृत्ति दोहोरो पर्ने गरी वितरण गरिने छैन।दोहोरो पर्ने गरी वितरण गरेको पाइएमा दोहोरो पर्ने गरी प्राप्त गर्ने विद्यार्थीबाट उक्त रकम असुल उपर गरिनेछ।

**१४. विविधः**

१) यस कार्यविधिमा उल्लेख नभएका छात्रवृत्तिका लागि विद्यार्थी छनौटका अन्य मापदण्ड छात्रवृत्ति छनौट समितिले तय गर्न सक्नेछ।

१५. **बाधा अडकाउ फुकाउन सकिनेः** यस कार्यविधिमा लेखिएको कुनै व्यवस्था कार्यान्वयन गर्ने सम्बन्धमा बाधा अडचन परेमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय गरी त्यस्तो बाधा अडचन फुकाउन सक्नेछ।

१६. **खारेजी र बचाउः** छात्रवृत्ति कार्यान्वयन कार्यविधि २०७५, खारेज गरिएको छ।

महाभारत गाउँपालिका राजपत्र

**अनुसूची - १**

**कबुलियतनामा**

श्री.................................................. ...........को नाति/नातिनि श्री.................................................. .... को छोरा/छोरी......................................... ...बस्ने........................................... ... मितिमा जन्म भएको म ................................................

महाभारत गाउँपालिका, शिक्षा शाखाबाट............... तहमा................... विषय अध्ययन गर्न छात्रवृत्ति प्राप्त भएपछि अध्ययनको वार्षिक रुपमा प्रगति विवरण बुझाउनका साथै अध्ययन पूरा गर्नेछु। मैले छात्रवृत्ति प्राप्त गरेको विषयमा यस कार्यविधिमा तोकिएको भन्दा बढी रकम प्राप्त गरेमा, अध्ययन पूरा नगरेमा, छात्रवृत्ति प्राप्त गरेको विषय परिवर्तन गरेमा, दोहोरो पर्ने गरी छात्रवृत्ति स्वीकार गरेको पाइएमा मैले छात्रवृत्ति वापत पाएको आर्थिक सुविधा तथा सोमा लागेको ब्याज रकम समेत महाभारत गाउँपालिकालाई बुझाउने छु। सो रकम नबुझाएमा सरकारी बाँकी सरह असुल उपर गरेमा मेरो मन्जुरी छ।साथै अध्ययन पूरा गरी प्रमाणपत्र प्राप्त भएको एक महिनाभित्र प्रमाणपत्रको प्रतिलिपि गाउँपालिकामा पेस गर्नेछु भनी यो कबुलियतनामा पेस गरेको छु।

छात्रवृत्ति पाउनेको

नामः

ठेगानाः

तहः

विषयः

मितिः

फोनः

ईमेलः

महाभारत गाउँपालिका राजपत्र

ल्याप्चे

## अनुसूची २
## निवेदन

श्रीमान् शिक्षा प्रमुख ज्यू,
महाभारत गाउँपालिका
देविटार, काभ्रेपलाञ्चोक।

विषयः छात्रवृत्ति सम्बन्धमा।

यस महाभारत गाउँपालिका, शिक्षा शाखा, देविटारबाट प्रदान गरिने.......................................... .... छात्रवृत्तिका लागि म/मेरो छोरा/छोरी सम्मिलित हुन इच्छुक भएकाले छात्रवृत्तिका लागि फाराम भरी आवश्यक कागजात यसै आवेदन साथ संलग्न गरी पेस गरेको छु।

विद्यार्थीको पूरा नाम
थरः
In English (Block Letters):
जन्म मिति (YY-MM-DD in BS):

महाभारत गाउँपालिका राजपत्र

विद्यार्थीको ठेगानाः

अध्ययन गरिरहेको
शिक्षण संस्थाको नामः

अध्ययन गरिरहेको तहः
विषयः

यस पूर्व कुनै तह
अध्ययन गरेको भएः

आवेदकको खाता भएको
बैंकको नाम, ठेगानाः

खाता नं.

आमाको नाम थरः पेसाः

बुवाको नाम थरः पेसाः

बाजेको नाम थरः पेसाः

परिवारको वार्षिक आम्दानी
अनुमानित (रु)

परिवारको किसिमः संयुक्त एकल

<u>संलग्न कागजातहरू</u>

नेपाली नागरिकताको
प्रमाणपत्र प्रतिलिपि

विद्यार्थी परिचय पत्र
प्रतिलिपि

शैक्षिक योग्यताका
प्रमाणपत्रको प्रतिलिपि

महाभारत गाउँपालिका राजपत्र

हाल अध्ययनरत शैक्षिक संस्थामा भर्ना भएको प्रमाण सहित नियमित भई ८०% हाजिर भएको व्यहोरा प्रमाणित कागजात सो तह पहिले अध्ययन गरेको भए, छात्रवृत्ति नपाएको भनी स्वः घोषणा

निवेदकको

अभिभावकको

हस्ताक्षरः

हस्ताक्षरः

नाम, थरः

नाम, थरः

ठेगानाः

ठेगानाः

मोबाइल नं.

मोबाइल नं.

महाभारत गाउँपालिका राजपत्र

अनुसूची–३

शिक्षण संस्थाको सिफारिस पत्र

(लेटर हेडमा)

श्री महाभारत गाउँपालिका
(शिक्षा शाखा)
देविटार, काभ्रेपलाञ्चोक।

विषयः छात्रवृत्ति उपलब्ध गराइदिन सिफारिस गरिएको बारे।

................................................ को आङ्गिक/सम्बन्धन प्राप्त यस ................................................ ..........................सङ्काय...................... विषयमा शैक्षिक वर्ष...........को........... वर्ष/सेमेष्टरमा अध्ययनरत तपशिलमा उल्लेखित विद्यार्थीलाई महाभारत गाउँपालिकाले प्रदान गर्ने ..................... छात्रवृत्ति उपलब्ध गराउन सिफारिस गर्दछु। यस संस्थामा भएको अभिलेख अनुसार निज विद्यार्थीको व्यक्तिगत विवरण देहाय अनुसार छ–

| | |
|---|---|
| विद्यार्थीको नाम, थरः | रोल नं. |
| स्थायी ठेगानाः | मोबाइल नं. |

खाता रहेको बैंक र खाता नम्बरः

| | |
|---|---|
| आमाको नामः | बुवाको नामः |

अध्ययन पूरा गर्न लाग्ने जम्मा शैक्षिक शुल्कः



महाभारत गाउँपालिका राजपत्र

निज विद्यार्थीले शिक्षण संस्थाबाट छात्रवृत्ति पाएको छ/छैन.......

विद्यार्थीले शिक्षण संस्थाबाट छात्रवृत्ति पाएको छ, भने रकमः

उल्लेखित विवरण सहि छ, झुठा ठहरे कानुन बमोजिम सजाय भोग्न मञ्जुर छु, छौं।

सम्बन्धित शिक्षण संस्थाको लेखा कर्मचारी

हस्ताक्षरः

मितिः शिक्षण संस्थाको छाप

सम्बन्धित शिक्षण संस्थाको प्रमुखको

हस्ताक्षरः

महाभारत गाउँपालिका राजपत्र

आज्ञाले

हरि सिंह विष्ट

प्रमुख प्रशासकीय अधिकृत